धुनिवेशी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं.:

मितिः२०८३/०८/०४

विषयः अपाङ्गता सहायता सामग्री वितरण कार्यक्रमको लागि निवेदन माग सम्बन्धी सूचना।

सूचना प्रकाशन मितिः२०८३/०८/०४

प्रस्तुत विषयमा यस धुनिवेशी नगरपालिकाको आ.व २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री वितरण कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका भित्रका पुर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुले आवश्यक पर्ने सहायता सामग्रीको नाम र तपशिल बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

१. व्यक्तिगत निवेदन,
२. वडा कार्यालयको सिफारिस,
३. अपाङ्गता परिचय पत्रको प्रतिलिपी,
४. नागरिकता/ जन्मदर्ताको प्रतिलिपी,
५. शारिरिक अपाङ्गताको हकमा अपाङ्गता देखिने फोटो।

बोधार्थः श्री ९ वटै वडा कार्यालयहरु, धुनिवेशी नगरपालिका, धादिङ।
(तहाँ वडा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई जानकारी गराईदिनु हुन।)
सादर अवगतार्थः श्रीमान नगर प्रमुख/नगर उप-प्रमुख ज्यू।

नोटः गत आर्थिक वर्षहरुमा कुनै पनि सहायता सामग्रीहरु नलिईएका व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ। साथै १ जना व्यक्तिले एक सामग्री मात्र माग गर्नु पर्नेछ।

.....
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत